संवत् २०८३ सालको ऐन नं.....

नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक

प्रस्तावना : नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ ले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गरेकोमा संशोधन गर्नु भन्दा अघि कायम रहेको साविकको व्यवस्था जगाउन वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **साविकको व्यवस्था जागेको मानिने** : नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ ले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गरेकोमा त्यसरी संशोधन गर्नुभन्दा अघि कायम रहेको सो ऐनको व्यवस्था सो अध्यादेश निस्क्रिय भएको मितिदेखि नै जागेको मानिनेछ।

संवत् २०८३ साल साउन २५ गते बसेको प्रतिनिधि सभाको बैठकले संशोधनबिना विधेयक पारित गरी राष्ट्रिय सभामा

पठाएकोमा संवत् २०८३ साल भदौ २५ गते बसेको राष्ट्रिय सभाको बैठकले संशोधनबिना विधेयक पारित गरी फिर्ता पठाएको बेहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

(डोल प्रसाद अर्याल)
सभामुख
प्रतिनिधि सभा
मितिः २०८३/०५/२६

प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

.....
(रामचन्द्र पौडेल)
राष्ट्रपति
मितिः २०८३/ /